# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन /०६९/०७० मिति :– २०६९।५।६
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०६९ साल श्रावण महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०६९।५।३१ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका वोर्ड बैठक प्रमुख एंव कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री यम लाल पाण्डे – ई. सि.न.पा.
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन
श्री देव प्रसाद ज्ञवाली – ना.सु. (प्रशासनिक काम गर्ने)

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिकाको आ.ब. २०६८।०६९ मा सम्पादन भएका योजनाहरुको समिक्षा गर्न समिक्षा बैठक मिति २०६९।६।४ गतेका दिन १.०० बजे शभागृहमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रम २०६९।६।२१ गते आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

फाहोर मैला व्यवस्थापन ऐन २०६८ सम्बन्धमा जानकारी आदान प्रदान गर्न राजनीतिक दल, संघ, संस्थाहरुको प्रमुख/प्रतिनिधिहरुको उपस्थितिमा आश्विन महिनामा कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकिकृत शहरी विकास परियोजना, परियोजना कार्यान्वयन ईकाई, सिद्धार्थनगर (Project Number 4216j loan/Grant Number (S) : L 2851 - NEP; G0284 - NEP) संचालन गर्नको लागी PAM (Project Administration Manual) मा व्यवस्था भए अनुसारको शिर्षकहरुमा खर्च गर्नको लागी कार्यकारी अधिकृत श्री टीकादत्त राई, प्रोजेक्ट मेनेजर श्री शैलेन्द्र प्रसाद श्रेष्ठ र बरिष्ठ अधिकृत गणेश बहादुर क्षेत्रीको संयुक्त दस्तखतमा संचालन हुने गरी नेपाल ईन्भेष्टमेन्ट बैक लिमिटेड सिद्धार्थनगरमा चल्ती खाता खोल्ने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

आ. ब. २०६९।०७० को नगरपरिषदद्धारा पारित एकिकृत शहरी विकास परियोजना संचालनको लागी बार्षिक रु ४०,००,०००।–(चालिस लाख) विनियोजित गरेकोमा कार्यालय स्थापना गर्न र कार्यालयका लागी आवश्य सामाग्री खरिद गर्नका लागी विनियोजित बजेट मध्येबाट रु २०,००,०००।– (बिस लाख) एकिकृत शहरी विकास परियोजना, परियोजना कार्यान्वयन ईकाइ, सिद्धार्थनगरलाई निकासा दिने निर्णय गरियो ।




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**नं. ६(छ)**

सिद्धार्थनगर नगरपालिकालाई वि.स. २०७१ आषाढ सम्ममा खुला दिशामुक्त नगर घोषणा गर्ने नीति गत निर्णय भए अनुसार नगर क्षेत्रका १३(तेह्र) वडाहरुमा चर्पीको प्रयोगको अबस्थाको तथ्यांक संकलन गर्न तथ्यांक संकलकको नामावली पठाउन सवै वडाहरुमा पत्राचार गरिएकोमा निम्नानुसार व्यक्तिको नामावली प्राप्त भएकोले कार्यालयबाट तोकिएको मिति देखी लागु हुने गरी मासिक रु ५०००।–(पाँच हजार) मात्र पारिश्रमिक दिने गरी १(एक) महिनाको लागी तथ्यांक संकलन गर्न खटाउने निर्णय गरियो र सामाजिक परिचालन कार्यक्रम संचालन भएको वडाको हकमा सम्बन्धित वडाको सामाजिक परिचालकलाई नै सो काम लगाउने समेत निर्णय गरयो ।

**निम्न**

| सि.सं. | नाम, थर, | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | श्री प्रिया कारन्जित | १ | |
| २. | श्री सर्वजित थापा | १ | |
| ३. | श्री देवेन्द्र जयसवाल | २ | सा. परिचालन भएको |
| ४. | श्री लक्ष्मी गुप्ता | ३ | सा. परिचालन भएको |
| ५. | श्री कल्पना खनाल | ४ | सा. परिचालन भएको |
| ६. | श्री सुषमा श्रीवास्तव | ५ | |
| ७. | श्री गिता श्रीवास्तव | ६ | |
| ८. | श्री पुन्य प्रभा बराईली | ६ | |
| ९. | श्री हिमाल वस्नेत | ७ | |
| १०. | श्री विष्णु भट्टराई | ७ | |
| ११. | श्री सरस्वती घिमिरे | ८ | |
| १२. | श्री साधना खनाल | ८ | |
| १३. | श्री केशरा पोखरेल | ९ | सा. परिचालन भएको |
| १४. | श्री लक्ष्मी पौडेल | १० | सा. परिचालन भएको |
| १५. | श्री अनिता रायमाझी | ११ | सा. परिचालन भएको |
| १६. | श्री दिप शिखा सारु | १२ | |
| १७. | श्री शान्ता पाण्डे | १२ | |
| १८. | श्री युवा कुमारी दहाल | १३ | |



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ७(सात)**

श्री भुजौली प्राथमिक विद्यालय, भुजौली सिद्धार्थनगर वार्ड नं. ११ को च.नं १३ मिति २०६९।५।१२ को पत्रबाट सो विद्यालयको भवनको लागी वायरिङ्ग सामाग्री उपलब्ध गराई दिन अनुरोध भई आए अनुसार सो विद्यालयलाई विद्युत वायरिङ्ग गर्न रु २०,०००।– (अक्षेरुपी विस हजार) मात्र अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ८(आठ)**

महिला तथा बालबालिका कार्यालयको पत्रानुसार मानव बेचविखन नियन्त्रण जिल्ला समिति रुपन्देहीको छैठौं राष्ट्रिय दिवसमा हुने विविध कार्यक्रमको लागी रु १०,०००।–(दश हजार मात्र) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ९(नौ)**

निजामती सेवा दिवस २०६९ भव्य रुपले मनाउन प्र.जि.अ. ज्यूको अध्यक्षतामा बसेको बैठकबाट कार्यक्रमको लागी रु १५,०००।– (पन्ध्र हजार) मात्र सि.न.पा. मा सहयोगका लागी निर्णय भई आएकोले सो दिवस मनाउन उल्लेखीत रकम सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. १०(दश)**

नेपाल राष्ट्रिय उद्योग व्यापार संगठन, सिद्धार्थनगरको आयोजनामा मिति २०६९ भाद्र १५ गते समग्र रुपन्देहीको आर्थिक विकास, सम्भावना र चुनौती विषयक विचार गोष्ठिको सह - आयोजक भै सहयोग गरि दिनु हुन अनुरोध भई आएकोले सह - आयोजक भई उक्त कार्यक्रमलाई रु १५,०००।–(पन्ध्र हजार ) मात्र अनुदान सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. ११(एघार)**

महिला शसक्तिकरण संचार समुह रुपन्देहीले भाद्र २३, २०६९ मा महिला हिंसा र न्यूनीकरणका लागी सचेतना मुलक तिज गित प्रतियोगिता कार्यक्रम आयोजना गर्न सह - प्रायोजक भई सहयोग गरि दिन अनुरोध भई आएको हुदा उक्त कार्यक्रमको सह - प्रायोजक भई कार्यक्रम गर्न रु १०,०००।– (दश हजार ) मात्र अनुदान सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. १२(बाह्र)**

सि.न.पा. वार्ड नं. ६ स्थायी ठेगाना भएका यस कार्यालयका विद्युत प्राविधिक भगवान दास ठाकुरले वर्षातको बाढीबाट कच्ची घर पूर्ण रुपमा क्षती भएकोले घर पुन: निर्माणका लागी सहयोग पाउन मिति २०६९।४।९ मा यस कार्यालयमा अनुरोध गरेको हुदा निजलाई दैवी प्रकोप व्यवस्थापन शिर्षकबाट रु ५,०००।–( पाँच हजार) मात्र आर्थिक सहयोग दिने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. १३(तेह्र)**

स्थानीय निकाय कर्मचारी संघ, नेपाल जिल्ला समिति रुपन्देहीले दाश्रो जिल्ला अधिवेशनको लागी आर्थिक सहयोग उपलव्ध हुन अनुरोध भै आएकोले सो कार्यक्रम गर्न रु ५,०००।–(पाँच हजार ) मात्र आर्थिक सहयोग दिने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np